# किङ्स टी-१० उपाधि रोयल स्पोर्ट्सलाई

**नेपाल समाचारपत्र, काठमाडौं**

किङ्स टी-१० इन्डोर टुर्नामेन्ट सिजन-२ को उपाधि रोयल स्पोर्ट्स पार्क ब्लुले जितेको छ। रोयल स्पोर्ट्स पार्कमा हिजो भएको फाइनलमा ब्याकयार्ड बीलाई ७६ रनले पराजित गर्दै रोयल स्पोर्ट्स पार्क ब्लु च्याम्पियन बनेको हो।

फाइनलमा टस जितेर पहिले ब्याटिङ गरेको रोयल स्पोर्ट्स पार्क ब्लुले निर्धारित ओभरमा २ विकेट गुमाउँदै ९८ रनको योगफल तयार गरेको थियो। टोलीका लागि नरेन्द्रले सर्वाधिक ३७ रन बनाए भने आश्रयले २० रनको योगदान दिए। ब्याकयार्ड बीका बलरमध्ये क्रिशले १ विकेट लिँदा १९ रन खर्चिए भने सृजलले विकेटविहीन रहँदै ९ रन दिएका थिए।

९९ रनको लक्ष्य पच्छ्याएको ब्याकयार्ड बी भने ७ विकेट गुमाउँदै २२ रनमै समेटियो। ब्याकयार्डका लागि सृजलले ८ रन तथा क्रिशले ३ रन बनाए। यससँगै रोयल स्पोर्ट्स पार्क ब्लुले फाइनलमा ७६ रनको फराकिलो जित निकाल्दै किङ्स टी-१० इन्डोर टुर्नामेन्ट सिजन-२ को उपाधि जित्न सफल भयो।




व्यक्तिगत विधामा प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गरेका हर्षल भण्डारी कुल ७ विकेटसहित उत्कृष्ट बलर घोषित भए। त्यस्तै अमित श्रेष्ठले कुल १०६ रन बनाउँदै उत्कृष्ट ब्याट्सम्यानको उपाधि हात पारे।

प्रतियोगितामा प्रभावशाली प्रदर्शन गरेका लक्ष्मण देवकोटा कुल १७ विकेटसहित प्लेयर अफ द टुर्नामेन्ट घोषित भए। फाइनल खेल सुरु हुनुअघि स्वर्गीय निर्मल पुर्जा (निम्सदाइ) को सम्झनामा विशेष श्रद्धाञ्जली कार्यक्रम आयोजना गरिएको थियो।

# १४ औं सागमा ४ हजारभन्दा बढी खेलाडी सहभागी हुने

**नेपाल समाचारपत्र, काठमाडौं**

पाकिस्तानमा आयोजना हुने १४औं दक्षिण एसियाली खेलकुद (साग) मा झन्डै ४ हजारभन्दा बढीको सहभागिता रहने भएको छ। पाकिस्तानको इस्लामाबादमा आइतबार र सोमवार दक्षिण एसिया ओलम्पिक काउन्सिल (एसएओसी) को बैठकले प्रतियोगिताको मिति, खेल संख्या तथा आयोजनासँग सम्बन्धित विभिन्न विषयमा निर्णय गरेको नेपाल ओलम्पिक कमिटी(एनओसी) ले पत्रकार सम्मेलनमा जानकारी दिएको हो।

जसमा प्रारम्भिक अनुमानअनुसार १४औं सागमा ३ हजार १ सय ७२ खेलाडी र १ हजार १९ जना अफिसियल गरी कुल ४ हजार १९१ जनाको सहभागिता रहनेछ। कुल ३ सय ४६ स्वर्ण, ३ सय ४६ रजत र ५ सय १५ कांस्य पदकका लागि प्रतिस्पर्धा हुनेछ।

नेपालबाट ५ सय ३२ खेलाडी र १ सय ५३ अफिसियल सहभागी हुने प्रारम्भिक अनुमान छ। त्यस्तै, आयोजक पाकिस्तानबाट ६ सय ७० खेलाडी र २ सय २ अफिसियल, श्रीलंकाबाट ६ सय ७० खेलाडी र २ सय ५१ अफिसियल, बंगलादेशबाट ४ सय ८२ खेलाडी र १ सय २२ अफिसियलको सहभागिता रहनेछ।

त्यस्तै, भारतबाट ४ सय ७२ खेलाडी र २ सय २ अफिसियल, माल्दिभ्सबाट २ सय ६१ खेलाडी र ६८ अफिसियल तथा भुटानबाट ८५ खेलाडी र २१ अफिसियल सहभागी हुने अनुमान गरिएको छ।

पाकिस्तानमा आयोजना हुने १४औं साग आगामी चैत २० देखि २८ गतेसम्म आयोजना हुने भएको छ। पाकिस्तानको इस्लामाबाद, लाहोर र पेशावर गरी तीन सहरमा प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएको एनओसीले जनाएको छ।

बैठकमा एनओसी अध्यक्ष श्रेष्ठ, उपाध्यक्ष चतुरानन्द राजवैद्य तथा राष्ट्रिय खेलकुद परिषद्की कार्यकारी सदस्य सिक्का सुवाल श्रेष्ठ सहभागी भएका थिए। भारतका प्रतिनिधिले अनलाइनबाट सहभागी भएको जानकारी दिइयो।

१४औं सागमा कुल २८ खेल समावेश गरिनेछ। तीमध्ये २५ खेलमा पुरुष र महिला दुवैको सहभागिता रहनेछ। एथलेटिक्स, पौडी, आर्चरी, ब्याडमिन्टन, बास्केटबल, बिलियाड्र्स तथा स्नुकर, बक्सिङ, क्रिकेट, फेन्सिङ, फुटबल, गल्फ, ह्यान्डबल तथा बिच ह्यान्डबल, हकी, जुडो, कबड्डी, कराँते, रोइङ, रग्बी, सुटिङ, स्क्वास, टेबलटेनिस, तेक्वान्दो, टेनिस, ट्रायथलन, भलिबल तथा बिच भलिबल, भारोत्तोलन, कुस्ती र उसु समावेश छन्। बिलियाड्र्स, हकी, रग्बी र बिच भलिबलमा महिला स्पर्धा समावेश गरिएको छैन।

प्रतियोगिताका १५ खेल इस्लामाबाद, १० खेल लाहोर र तीन खेल पेशावरमा आयोजना हुनेछन्। उद्घाटन समारोह इस्लामाबादस्थित जिन्ना स्टेडियममा हुनेछ। करिब ५० हजार दर्शक क्षमताको उक्त रंगशालामा उद्घाटन समारोह आयोजना गर्ने तयारी छ।

इस्लामाबादमा एथलेटिक्स, ब्याडमिन्टन, बास्केटबल, स्नुकर, फुटबल, कबड्डी, कराँते, रोइङ, स्क्वास, टेबलटेनिस, टेनिस, ट्रायथलन, भारोत्तोलन, उसु र सुटिङ आयोजना हुनेछ।

लाहोरमा बक्सिङ, क्रिकेट, फेन्सिङ, गल्फ, ह्यान्डबल, हकी, रग्बी, पौडी, तेक्वान्दो र कुस्ती तथा पेशावरमा आर्चरी, जुडो र भलिबल आयोजना गरिनेछ।

यसैबीच, दक्षिण एसियाली ओलम्पिक कमिटीको स्थायी सचिवालय नेपालमा राख्ने प्रस्तावलाई निरन्तरता दिइएको एनओसीले जनाएको छ। त्यस्तै, सागलाई एसियाली खेलकुदअघि आयोजना गर्नुपर्ने नेपालको प्रस्ताव पनि कायम रहेको छ।

१४औं साग निर्धारित समयमै सम्पन्न गराउन एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठको संयोजकत्वमा 'साउथ एसिया ओलम्पिक काउन्सिल कोअर्डिनेसन कमिटी' गठन गरिएको छ। समितिमा श्रीलंका, बंगलादेश र भुटानका महासचिव तथा ओलम्पिक काउन्सिल अफ एसियाका प्रतिनिधि सदस्य रहनेछन्। सागको इतिहासमा पहिलोपटक यस्तो समन्वय समिति गठन गरिएको एनओसीले जनाएको छ। समितिले आयोजक राष्ट्रको ओलम्पिक कमिटी तथा सरकारसँग समन्वय गर्दै निर्धारित समयमा साग आयोजना गर्न आवश्यक सहयोग गर्नेछ।

# नेपालको टप एन्ड टी-२० मा दोस्रो जित

**काठमाडौं, (नेस)**

नेपाल 'ए'ले अस्ट्रेलियामा जारी टप एन्ड टी-२० सिरिजमा लगातार दोस्रो जित हासिल गरेको छ। नेपाल 'ए'ले बुधबार आफ्नो चौथो खेलमा अस्ट्रेलियन क्यापिटल टेरिटोरी (एसिटी) कमेट्सलाई ४ विकेटले हराएको हो। यसअघि नेपाली टोलीले सुरुआती दुई खेल हारेको थियो।

एसिटी कमेट्सले दिएको १ सय ४१ रनको लक्ष्य नेपालले १९.२ ओभरमा ६ विकेट गुमाउँदै पूरा गरेको थियो। जसमा कप्तान कुशल भुर्तेलले सर्वाधिक ६१ रन योगदान दिएका थिए। त्यस्तै पवन सर्राफ २९ रनमा नटआउट रहे भने ओपनर मयन यादवले २१ रन जोडे। एसिटी कमेट्सका लागि ज्याक केयोघले सर्वाधिक ३ विकेट लिए भने जीत मेहताले २ विकेट हासिल गरेका थिए।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको एसिटी कमेट्सले २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ४० रनको योगफल खडा गरेको थियो। टोलीका लागि मध्यक्रमका ब्याटर डिलन हन्टरले सर्वाधिक ४४ रन बनाए। नेपालका लागि भुर्तेलले दुई ओभरमा सर्वाधिक ३ विकेट लिएका थिए। त्यस्तै, युवराज खत्रीले २ तथा पवन सर्राफ, विपीन खत्री र शाहब आलमले समान १ विकेट हात पारे।

नेपालले यसअघि सोमवार होबर्ट हुरिकेन्समाथि ३९ रनको जित निकालेको थियो। जसमा, कुशलले शतक प्रहार गरेका थिए। पाँचौं खेलमा नेपालले आज हैदरावाद किंग्समेन एकेडेमीसँग प्रतिस्पर्धा गर्नेछ।

# कुस्ती टोली किर्गिस्तान जाने

**काठमाडौं, (नेस)**

युडब्लुडब्लु विश्व वेल्ट कुस्ती एलिस च्याम्पियनसिपमा सहभागी हुन १ खेलाडीसहित २ सदस्यीय नेपाली टोली शुक्रवार किर्गिस्तान जाने भएको छ।

अगस्ट ३१ देखि सेप्टेम्बर ६ तारिखसम्म हुने प्रतियोगितामा त्रिलोकीप्रसाद यादवले पुरुष १०० केजीमाथि तौलसमूहमा नेपालको चुनौती प्रस्तुत गर्ने छन्। प्रशिक्षकमा मुम्ताज अली इद्रिसी छन्।


## अधिकतम खूद्रा बिक्रि मूल्य (MRP) प्रकाशन सूचना

यस सन्ध्या जेनरल स्टोर्स प्रा.लि. (Sandhya General Stores Pvt. Ltd.) कम्पनीले ईण्डिया पैठारी गरेको देहाएको मालबस्तूको अधिकतम खूद्रा बिक्रि मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

| S.N. | Description | Variant | Brand | Model | Type | Country of Origin | Unit | MRP |
|---|---|---|---|---|---|---|---|---|
| 1. | E-Rickshaw (Mayuri Deluxe) | EV Auto Rickshaw | Sunehri | Mayuri Deluxe | EV | India | 5 | 170000.75 |
| 2. | Sunehri | EV Auto Rickshaw | Sunehri | Sunehri | EV | India | 10 | 215000.07 |

**बिक्रेताको कम्पनीको नामः सन्ध्या जेनरल स्टोर्स प्रा.लि. (Sandhya General Stores Pvt. Ltd.)**
**ठेगानाः धनूषा जिल्ला जनकपूर उप-महानगरपालिका वडा नं. २१**
**भ्याट नं.: ६०१२०५७८०**

## रिज लाइन इनर्जी लिमिटेड

Ridge Line Energy Ltd.

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर, फोन : ०१-५९००११४
ईमेल: info@ridgeline.com.np, वेभसाईट: www.ridgeline.com.np

## दोस्रो विशेष साधारण सभाको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/११**

*श्री शेयरधनी महानुभावहरु,*

मिति २०८३/०५/११ मा बसेको यस कम्पनीको सञ्चालक समितिको ११९ औं बैठकको निर्णयानुसार कम्पनीको दोस्रो विशेष साधारण साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८३ साल आश्विन २ गते (तदनुसार सन् २०२६ सेप्टेम्बर १८) शुक्रवार।
समय : बिहान ११:०० बजे।
स्थान : काठमाण्डौ जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ७ स्थित ग्रीन ल्यान्ड ब्याङ्क्वेट एन्ड रेस्टुरेन्ट प्रा.लि.।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**क) विशेष प्रस्तावः**
(१) कम्पनीको नियमावलीमा संशोधन गर्ने बारे।
**ख) विविध।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

### साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) दोस्रो विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८३/०५/२३ गते १ (एक) दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८३/०५/२२ गतेसम्म कारोवार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एवं रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन्।
(२) साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र (फोटो सहित हुन पर्नेछ) सहित शेयरधनी प्रमाणपत्र र अभौतिकीकरण गरिसकेको शेयरको हकमा हितग्राही खाता विवरण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षमा भित्र प्रवेश गर्न पाइने छैन।
(३) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका विहान १०:०० बजे देखि सभा खुल्ला गरिनेछ।
(४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा दर्ता गराई सक्नु पर्नेछ। प्रोक्सी फारम कम्पनीको वेबसाईटबाट डाउनलोड गरि लिन सकिनेछ।
(५) कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन, यसरी दिइएको प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ।
(६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।
(७) छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा सभामा छलफल गर्नु पर्ने भए ईच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा आई उक्त विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ। तर सो कुरा अध्यक्षको अनुमति भएमा मात्र छलफल गरिनेछ।
(८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनीको दर्ता कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले साधारण सभामा भाग लिन सक्नु हुनेछ।
(९) नाबालक वा भिन्न शारीरिक क्षमताका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले साधारण सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
(१०) साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, कुपण्डोल, ललितपुरमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।
(११) शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिन सकिनेछ।
(१२) शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।
(१३) साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु शेयरधनी महानुभावहरुले कम्पनीको रजिष्टर्ड रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा आई निरीक्षण वा प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। साथै उपरोक्त उल्लेखित सूचना र प्रस्ताव मिति २०८३/०५/११ देखि कम्पनीको वेभसाईटः**www.ridgeline.com.np** मा हेर्न सक्नु हुनेछ।

## २० औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति :२०८३/०५/११)**

आदरणीय सदस्यज्यूहरु

सञ्चालक समितिको मिति २०८३/०४/२६ गते बसेको वैठकको निर्णय अनुसार संस्थाको २० औं वार्षिक साधारण सभा निम्न, मिति, समय र स्थानमा बसी विविध विषयहरु माथी छलफल गरी पारित गर्न गईरहेकोले तपाईंको सहभागीताको लागि हार्दिक अनुरोध गर्दछौ।

**कार्यक्रमको मिति, समय र स्थान**

मिति : २०८३/०५/२७ गते शनिबार
समय : दिउँसोको १२:३० बजे
स्थान : सिद्धार्थ फुडल्यान्ड, पुरानो बानेश्वर, काठमाण्डौं

**पुनश्च** : साधारण सभामा सहभागी हुनका लागि संस्थाको सदस्यले मात्र आफनो परिचय खुल्ने कागजात अनिवार्य लिई आउनुपर्ने छ।

**सञ्चालक समितिको निर्णय अनुसार**
**सचिव**
**किशोर कुमार श्रेष्ठ 'मूल'**

**सहस्रधारा बचत तथा ऋण सहकारी संस्था लि.**
**नयाँ बानेश्वर-१०, काठमाण्डौं**
**फोन नं.: ०१-४७९०९१२, ०१-४७९२२५८**

## ऋण कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/११ गते**

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले कर्जा लिनु भएकोमा लिएको ऋण कर्जाको सावाँ तथा व्याज यस सहकारी संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले यो ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस सहकारी संस्थामा सम्पर्क राखी यस सहकारी संस्थाबाट लिएको ऋण कर्जाको सम्पूर्ण साँवा व्याज चुक्ता भुक्तान गर्नु होला अन्यथा प्रचलित ऐन, कानुन तथा यस सहकारी संस्थासंग गरेको लिखत बमोजिम ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरिनुका साथै धितोमा रहेको वा नरहेको चल अचल सम्पत्ति लिलाम विक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस सहकारी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिलः**

| क्र.सं. | ऋणीको नाम, ठेगाना, ना.प्र.प.नं. | ऋणीको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) | जमानीकर्ताको नाम, ठेगाना, ना.प्र.प.नं. | जमानीकर्ताको ३ पुस्ते विवरण (पति/पिता, ससुरा/बाजे) |
|---|---|---|---|---|
| १) | **निर्मला महर्जन** स्यूचाटार, कलंकी, का.म.न.पा.१४ २७१०६०/३४५५८ | इन्द्रमान महर्जन जित मान महर्जन | अमित सिन्हा त्रिपुरेश्वर, काठमाडौं | शशि भुषण प्रसाद रामेश्वर प्रसाद |
| २) | **अमित सिन्हा** त्रिपुरेश्वर, काठमाडौं | शशि भुषण प्रसाद रामेश्वर प्रसाद | निर्मला महर्जन स्यूचाटार, कलंकी, २७१०६०/३४५५८ | इन्द्रमान महर्जन जित मान महर्जन |
| ३) | **राजेन्द्र बहादर नकर्मि** बागबजार, का.म.न.पा.२१ १३३१५/६६४५ | चन्द्र बहादुर नकर्मी लक्ष्मी बहादुर नकर्मी | | |
| ४) | **रश्मी थापा (बस्नेत)** कुपन्डोल, ल.पु.१ ०००४१९ | टेक बहादुर थापा अक्कल बहादुर थापा | प्रकाश मान श्रेष्ठ चिकमुगल, का.म.न.पा.२३ | विश्व राम श्रेष्ठ जोग लाल श्रेष्ठ |
| ५) | **प्रकाश श्रेष्ठ** कुलेश्वर, का.म.न.पा.१४ | राम हरि श्रेष्ठ हर्क नारायण श्रेष्ठ | | |

"सबै मिलि सबै बनौं, सरलता, तरलता र पारदर्शिता"
**आश्रय बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड**
आश्रय भवन, ताहाचल, काठमाडौं १३, फोन : ५३७४७५४, ५३७९४२३
**AASHRAYA MULTIPURPOSE CO-OPERATIVE LTD.**
Aashraya Bhawon, Tahachal, Kathmandu-13, Tel: 5374754,5379423 , Email: aashrayamcln@gmail.com


# श्रीलंकाका अलराउन्डर सहन काठमान्डुमा आबद्ध

**काठमाडौं, (नेस)**

आगामी नेपाल प्रिमियर लिग (एनपीएल) को तेस्रो संस्करणका लागि श्रीलंकाका अलराउन्डर सहन अराचचिगे काठमान्डु गोर्खाजसँग अनुबन्ध भएका छन्। काठमान्डु गोर्खाजले बुधबार उनीहरूको सामाजिक सञ्जालबाट सहनलाई अनुबन्ध गरेको जनाएको हो।




३० वर्षे सहनले श्रीलंकाबाट ५ एकदिवसीय अन्तर र्राष्ट्रिय र एक टी-२० अन्तर र्राष्ट्रिय खेलिसकेका छन्। उनले २०२३ को जुलाईमा वेस्ट इन्डिजविरुद्ध हरारेमा भएको विश्वकप छनोटबाट एकदिवसीय अन्तर्राष्ट्रियमा 'डेब्यु' गरेका थिए। सहनले श्रीलंका 'ए' को पनि कप्तानी गर्दै आएका छन्।

सहनले हालै लंका प्रिमियर लिगमा गल गालान्ट्सलाई उपाधि दिलाउन प्रमुख भूमिका खेलेका थिए। गल गालान्ट्सले पहिलो पटक लंका प्रिमियर लिग जित्दा सहनले ११ खेल खेल्दै १ सय ४७ माथिको स्ट्राइक रेटमा २४० रन बनाएका थिए।

सहनसँग विगतमा नेपालमा फ्रेन्चाइज क्रिकेट खेलेको अनुभव पनि छ। उनले २०२१ मा एभरेस्ट प्रिमियर लिगमा पोखरा राइनोजबाट खेलेका थिए। देब्रेहाते उनी माथिल्लो क्रममा ब्याटिङ गर्छन् भने अफ स्पिन बलिङ पनि गर्छन्।

'विजय भाव बोकेका सहन एक जोशिला खेलाडी हुन्, उनी निरन्तर एक रूपको प्रदर्शन दिन सक्छन् र दबाबमा पनि योजना अनुसार खेल्दै लंका प्रिमियर लिग र श्रीलंका 'ए' बाट म्याचहरू जिताएका छन्,' काठमान्डु गोर्खाजका क्रिकेट डाइरेक्टर शरद भेषावाकरले टोलीको विज्ञप्तिमा उल्लेख गरेका थिए।

उनले थपे – 'उनको स्वभाव र स्पष्ट मानसिकताले हाम्रो ब्याटिङ लाइनअपलाई मद्दत गर्नेमा म विश्वस्त छु। उनमा जुन ब्याटिङ, बलिङ र फिल्डिङ क्षमता छ, त्यो काठमान्डु गोर्खाजका लागि फाइदा हुनसक्छ।'

# इन्डोर क्रिकेट हुने

काठमाडौं, (नेस)। डी टू इभेन्ट्सको आयोजनामा रेडबुल राष्ट्रिय इन्डोर टी-१० क्रिकेट प्रतियोगिता शुक्रवारदेखि हुने भएको छ। प्रतियोगितामा २४ पुरुष टोलीको सहभागिता रहनेछ। सहभागी टोलीलाई ८ समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेलाइने छ। प्रत्येक समूहको विजेता टोली सोझै क्वार्टरफाइनलमा प्रवेश गर्ने छन्।

मनमैजुस्थित एन्जल्स हार्ट नेसनल स्कुल र एन्जल्स हार्ट स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको सहयोगमा हुने प्रतियोगिताको विजेताले १ लाख नगद पाउनेछ। यस्तै, उपविजेताले ५० हजार नगद पुरस्कार पाउने छ।

तीनदिने प्रतियोगिताका खेलहरू चुनीखेलस्थित रोयल स्पोर्ट्स पार्कमा खेलाइने छ। आयोजकका अनुसार प्रतियोगिताका सञ्चालन गर्न करिब १४ लाख रुपियाँ खर्च हुनेछ।

Ridge Line Energy Ltd.

# रिज लाइन इनर्जी लिमिटेड

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुर, फोन : ०१-५९००११४
ईमेल: info@ridgeline.com.np, वेबसाईट: www.ridgeline.com.np

## दोस्रो विशेष साधारण सभाको सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०५/११**

*श्री शेयरधनी महानुभावहरु,*

मिति २०८३/०५/११ मा बसेको यस कम्पनीको सञ्चालक समितिको ११९ औं बैठकको निर्णयानुसार कम्पनीको दोस्रो विशेष साधारण साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८३ साल आश्विन २ गते (तदनुसार सन् २०२६ सेप्टेम्बर १८) शुक्रवार।

समय : बिहान ११:०० बजे।

स्थान : काठमाण्डौ जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ७ स्थित ग्रीन ल्यान्ड ब्याङ्क्वेट एन्ड रेस्टुरेन्ट प्रा.लि.।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**क) विशेष प्रस्तावः**

(१) कम्पनीको नियमावलीमा संशोधन गर्ने बारे।

**ख) विविध।**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी अन्य जानकारी

(१) दोस्रो विशेष साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८३/०५/२३ गते १ (एक) दिन बन्द रहनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०५/२२ गतेसम्म कारोवार भई म्याद भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एवं रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छन्।

(२) साधारण सभामा भाग लिन ईच्छुक शेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र (फोटो सहित हुन पर्नेछ) सहित शेयरधनी प्रमाणपत्र र अभौतिकीकरण गरिसकेको शेयरको हकमा हितग्राही खाता विवरण अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्षमा भित्र प्रवेश गर्न पाइने छैन।

(३) शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी पुस्तिका विहान १०:०० बजे देखि सभा खुल्ला गरिनेछ।

(४) साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा दर्ता गराई सक्नु पर्नेछ। प्रोक्सी फारम कम्पनीको वेबसाईटबाट डाउनलोड गरि लिन सकिनेछ।

(५) कम्पनीको शेयरधनी बाहेक अरुलाई प्रतिनिधि (प्रोक्सी) दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन, यसरी दिइएको प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधिपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधिपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको रजिष्टर्ड कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइने छ।

(६) प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएका शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

(७) छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा सभामा छलफल गर्नु पर्ने भए ईच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा आई उक्त विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित जानकारी दिनु पर्नेछ। तर सो कुरा अध्यक्षको अनुमति भएमा मात्र छलफल गरिनेछ।

(८) एक भन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा शेयरधनीको दर्ता कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले साधारण सभामा भाग लिन सक्नु हुनेछ।

(९) नाबालक वा भिन्न शारीरिक क्षमताका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयरधनी दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले साधारण सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।

(१०) साधारण सभा सम्वन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, कुपण्डोल, ललितपुरमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ।

(११) शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामुहिक रुपले उत्तर दिन सकिनेछ।

(१२) शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथासक्य झोला, व्याग नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।

(१३) साधारण सभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु शेयरधनी महानुभावहरुले कम्पनीको रजिष्टर्ड रजिष्टर्ड कार्यालय कुपण्डोल, ललितपुरमा आई निरीक्षण वा प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागि सूचित गरिन्छ। साथै उपरोक्त उल्लेखित सूचना र प्रस्ताव मिति २०८३/०५/११ देखि कम्पनीको वेभसाईटः**www.ridgeline.com.np** मा हेर्न सक्नु हुनेछ।